# महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
खलंगा दार्चुला
सुदूरपश्चिम प्रदेश

प.स. २०७५/०७६
च.न.

मिति २०७६/०२/२४

बिषयः– **सूचना ! सूचना ! सूचना !**

प्रस्तुत बिषयमा भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयको मिति २०७६/०२/०९ च.नं. ९२ र जिल्ला समन्वय समितिको कार्यालय, दार्चुलाको मिति २०७६।२।२३ को प्राप्त पत्रानुसार महाकाली नगरपीलकामा गरीब घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यकम संचालन गर्न गणक र सुपरीवेक्षक चयन गर्नु पर्ने भएकोले तपसिलको मापदण्ड पुरा भएको उम्मेदवारहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन पेश गर्ने अन्तिम दिन विदा परेमा सोको भोली पल्ट आवेदन गर्ने अन्तिम दिन हुनेछ ।

**सुपरिवेक्षकका लगि न्यूनतम् योग्यता**

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,
२) कम्प्यूटर सम्बन्धी आधारभूत तालीम लिएको प्रमाण पत्र भएको,
३) १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको,
४) सम्बन्धित स्थानीय तहको उम्मेदवारलाई प्राथमिकता दिईनेछ,
५) महिला, दलीत, जनजातिलाई प्राथमिकता दिईनेछ ।

**गणकका लगि न्यूनतम् योग्यता**

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित बिषय सहित कुनै बिषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,
२) कम्प्यूटर सम्बन्धी आधारभूत तालीम लिएको प्रमाण पत्र भएको,
३) १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको,
४) सम्वन्धित स्थानीय तहको उम्मेदवारलाई प्राथमिकता दिईनेछ,
५) महिला, दलीत, जनजातिलाई प्राथमिकता दिईनेछ ।

**आवश्यक सख्या**

सुपरीवेक्षक १ जना
गणक ५ जना
अवधि नियुक्त भएको मितिले ५ महिना

**परीक्षाको किसिम**

लिखित, प्रयोगात्मक र मौखिक -परीक्षाको मिति आवेदन पेश हुने अन्तिम दिनको भोली पल्ट जानकारी गराईनेछ ।

**आवेदन फारम दस्तुर**

सुपरीवेक्षक रु. ५००, गणकको लागि रु. ३०० यस कार्यालयको राजस्व शाखामा बुझाईएको भौचर संलग्न गर्नु पर्ने छ ।

(कमल बहादुर थापा)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
जिल्ला समन्वय समितिको कार्यालय दार्चुला

फोन न ०९३–४२०१३७, फ्याक्स नं. ०९३–४२०१३७
web: mahakalimundarchula.gov.np, Email:- mmdarchula@gmail.com